कलैया उपमहानगरपालिकाद्धारा प्रकाशित

# कलैया राजपत्र

खण्ड १, संख्याः मितिः२०८०।०४।०५

भाग-१

## कलैया उप-महानगरपालिकाको फोहोर मैला व्यवस्थापन कार्यविधि-२०८०

कलैया उपमहानगरपालिका

कलैया, [illegible]

मधेश प्रदेश

नेपाल

हस्ताक्षरः.......

नाम, थरः बिनोद प्रसाद साह
पदः नगर प्रमुख
प्रमाणिकरण मितिः २०८०/०४/०५
पृष्ठ संख्याः ११

# कलैया उप-महानगरपालिकाको फोहोर मैला व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावना**

नेपालको संविधानले स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने अधिकार प्रत्याभुत गरेको छ। फोहोर मैला व्यवस्थापन ऐन, २०६८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले फोहोर मैलाको व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने कुरा उल्लेख गरेको छ । वर्तमान परिप्रेक्ष्यमा सभ्यताको महत्वपूर्ण. मापदण्ड सरसफाइ भएकोले र स्वस्थ रहनका लागि स्वच्छ वातावरणको आवश्यकता पर्ने भएको हुँदा प्रदुषणमुक्त वातावरण कायम राखी यस कलैया उप-महानगरपालिका क्षेत्रभित्रको फोहोरमैलाको स्रोतमा न्यूनीकरण, पुनःप्रयोग, प्रशोधन वा विसर्जन गरी फोहोरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहोरमैलाबाट जनस्वास्थय तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि यस क्षेत्रभित्र रहेका प्रत्येक घर,पसल,होटल तथा रेष्टुरेन्ट,व्यवसायिक तथा औधोगिक प्रतिष्ठान,शिक्षण संस्था,निजि तथा गैरसरकारी संस्था,कार्यालय,बैंक तथा वित्तिय संस्था,धार्मिक स्थल,सार्वजनिक स्थल,आदिबाट उत्पन्न हुने फोहोरमैलाको व्यवस्थापन गर्ने कार्यलाई प्रभावकारी बनाई फोहोरमैला संकलन,ढुवानी तथा अन्तिम विसर्जनगरी सडक तथा सार्वजनिक स्थल,चोक ,गल्ली खुल्ला क्षेत्र, उधान,नदी र नदी किनार आदीको फोहोरमैला व्यवस्थापन कार्यमा सुधार ल्याउनको लागी नितिगत तयारी र स्पष्ट कार्य योजनाको आवश्यकता देखिएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ उपदफा २ (ग) ११ बमोजिम वडा समितिलाई दिएको अधिकारलाई कार्यान्वयनमा सहजता ल्याउन स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा ७ ले र फोहरमैला व्यवस्थापन ऐन २०६८ को दफा ५१ (२) दिएको अधिकार प्रयोग गरी र स्थानीय सरकार संचलन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यस कलैया उप-महानगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि २०८० तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :- १. यस कार्यविधिको नाम कलैया उप-महानगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि २०८० रहेको छ ।

२. यो कार्यविधि कलैया उप-महानगरपालिका कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा :- १. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) 'संविधान' भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

बिनोद प्रसाद साह
नगर प्रमुख

(ख) 'स्थानीय तह' भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिमको उप-महानगरपालिका सम्झनुपर्छ ।

(ग) 'कार्यपालिका' भन्नाले कलैया नगरकार्यपालिका सम्झनु पर्छ ।

(घ) 'प्रमुख' भन्नाले कलैया उप-महानगरपालिकाको नगर कार्यपालिका प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) 'उपप्रमुख'भन्नाले कलैया उप-महानगरपालिकाको नगर कार्यपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(च) 'कार्यपालिका सदस्य' भन्नाले कलैया उप-महानगरपालिकाको नगर कार्यपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

(छ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले कलैया उप-महानगरपालिकाको नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ज) 'विषयगत शाखा' भन्नाले कलैया उप-महानगरपालिकाका कार्यालय अन्तरगतको विषयगत शाखालाई सम्झनु पर्छ ।

(झ) 'समिति' भन्नाले कलैया नगरकार्यपालिकाको कार्य सम्पादन नियमावली द्वारा गठित समिति समितिहरुलाई सम्झनु पर्छ ।

(ञ) 'कार्यविधि' भन्नाले कलैया उप-महानगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि २०८० बुझ्नुपर्छ ।

(ट) 'उप-महानगरपालिका' भन्नाले कलैया उप-महानगरपालिका बुझ्नुपर्छ ।

(ठ) 'ऐन' भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बुझ्नुपर्छ ।

(ड) 'फोहरमैला' भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुनु नसक्ने अवस्थामा रहेका, गाडी मर्मत र गाडी धुलाईबाट निस्केका, तरकारी बजारबाट निस्केका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउनेछ ।

(ढ) 'हानिकारक फोहरमैला' भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ ।

(ण) 'रासायनिक फोहरमैला' भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनी तोकेको ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ ।

(त) "स्वास्थ्य संस्थाजन्य फोहरमैला" भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशु-स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनुपर्छ ।

थ) वडा भन्नाले कलैया उप-महानगरपालिका वडाहरु सम्झनुपर्छ ।

## परिच्छेद - २

## फोहरमैला निर्देशक तथा व्यवस्थापन समिति

३. फोहरमैला व्यवस्थापन सम्वन्धि निर्देशक र व्यवस्थापन समितिको गठन र समितिको काम कर्तव्य र अधिकार

१. उप-महानगरको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य सुचारु एवं सुव्यवस्थित ढंगले संचालन गर्न आवश्यक निर्देशन एवं सहजीकरण गर्न उप-महानगरपालिकामा देहायनुसारको निर्देशक समिति गठन गरिनेछ ।

बिनोद प्रसाद साह
नगर प्रमुख

CamScanner

(क), नगर प्रमुख -अध्यक्ष
ख) नगर उप-प्रमुख -उपाध्यक्ष
(ग) प्रमुख प्रशासकिय अधिकृत -सदस्य
घ) वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक -सदस्य
ङ) वडा अध्यक्ष र कार्यपालिका सदस्य (सबै वडाको वडा अध्यक्ष) -सदस्य
च) बातावरण क्षेत्रका अनुभवी प्रवुद्ध व्यक्ति वा सरसफाई अभियान्ता मध्ये नगर प्रमुखले तोकेको व्यक्ती - सदस्य
छ) उद्योग वाणीज्य संघको अध्यक्षले तोकेको प्रतिनिधि वा विषयगत संयोजक -सदस्य
ज) उप-महानगर क्षेत्रको ट्राफिक कार्यालयको प्रमुख -सदस्य
झ) जिल्ला प्रशासन कार्यालय अधिकृत प्रतिनिधि -सदस्य
ञ.जिल्ला प्रहरी कार्यालय अधिकृत प्रतिनिधि- सदस्य
ट) शहरी पूर्वाधार विकास शाखा प्रमुख -सदस्य
ठ) फोहरमैला व्यवस्थापन हेर्ने विषयत शाखा प्रमुख -सदस्य सचिव

२. फोहरमैला व्यवस्थापन सम्वन्धि निर्देशक र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :—

(क) फोहरमैला व्यवस्थापनका लागि आवधिक तथा वार्षिक योजनाहरु तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र समीक्षा गर्ने ।

(ख) वातावरण संरक्षण र फोहरमैला व्यवस्थापन ऐन र नियमले दिएका अधिकार प्रयोग गरी आवश्यक कार्य गर्ने ।

(ग) फोहर व्यवस्थापनमा क्रमश : स्यानिटरी ल्याण्डफिलको अवधारणा अनुसार कार्य गर्ने ।

(घ) ल्याण्डफिल साइट निश्चित समयपछि भरिने हुँदा भरिएका साइटहरुलाई पार्क, उद्यान, गार्डेन आदिका रुपमा विकास गर्ने तथा वैकल्पिक ल्याण्डफिल साइटहरुको खोजी गरी तिनीहरुको सम्भावनाको अध्ययन गर्ने ।

(ङ) फोहोर व्यवस्थापनमा गैर सरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको संलग्नता बढाउन आवश्यक नीति तय गर्ने ।

(च) ल्याण्डफिल साइटको प्रभावित क्षेत्रका बासिन्दाको लागि विशेष कार्यक्रम संचालन गर्न श्रोतको व्यवस्थापन गर्ने ।

(छ) ल्याण्डफिल साइटलाई प्रदुषण शून्य बनाउन प्रयास गर्दै त्यसका नकारात्मक प्रभावहरुलाई न्यूनिकरण गर्न आवश्यक व्यवस्था मिलाउने ।

(ज) जैविक फोहरबाट उर्जा, कम्पोष्ट बायोग्यास एवं मल बनाउने तथा प्लाष्टिक, धातु आदिलाई पुन प्रयोग गर्न आवश्यक व्यवस्था गर्ने ।

(झ) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा प्रचलित ऐन कानून तथा निर्देशिकाले तोकेको मापदण्ड पालना नगर्ने उपर आवश्यक कारबाहीका लागि निर्देशन गर्ने ।

ञ.फोहरमैला व्यवस्थापन तथा सरसफाइमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुर्नरावलोकन गर्न कार्यपालिका समक्ष प्रस्ताव पेश गर्ने ।

ट) फोहरमैला व्यवस्थापन सम्वन्धी काम गर्ने विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ, संस्थाहरूसँग समन्वय कायम गर्ने ।

ठ) सरसफाई राजदुत र सरसफाई दूत तोक्ने

ड) अनुगमन टोली खटाउने

३. वडाको फोहरमैला व्यवस्थापन सम्वन्धी कार्य सुचारु एवं सुव्यवस्थित ढंगले संचालन गर्न आवश्यक व्यवस्थापन एवं नियमन गर्न वडास्तरमा देहायनुसारको फोहर मैला व्यवस्थापन समिति गठन गरिनेछ ।

बिनोद प्रसाद साह
नगर प्रमुख

क) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य -संयोजक
ख) वडा समितिले तोकेको १ जना वडा सदस्य -सदस्य
ग) टोल विकास संस्थाको अध्यक्ष मध्येबाट १ महिला र पुरुष गरि २ जना -सदस्य
घ) वडा समितिले तोकेको समाज सेवि वुद्धिजिवि वा सरसफाई अभियन्ता मध्येवाट १ जना -सदस्य
ङ) वडा समितिले तोकेको स्थानिय व्यापारी प्रतिनिधि प्रतिनिधि १ जना -सदस्य
च) वडाको सरसफाई कार्यमा संलग्न नीजि क्षेत्रको प्रतिनिधि १ जना -सदस्य
छ)उप-महानगरकार्यपालिका कार्यालयको सरसफाई उपशाखा प्रमुख वा सरसफाई निरिक्षक-सदस्य ,
ज) वडा सचिव -सदस्य सचिव

४. फोहरमैला व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार

(क) फोहरमैला व्यवस्थापन तथा वडालाई सफा र स्वच्छ वडा निर्माणका लागि अभियान र चेतनामूलक कार्यक्रम तर्जुमा गर्ने

(ख) वडालाई वातावरण मैत्री तथा सफा र स्वच्छ वडा वनाउन आवश्यक बजेटको व्यवस्थापन गर्न पहल गर्ने ।

(ग) फोहरलाई श्रोतमै बर्गीकरण गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गर्ने ।

(घ) वर्गीकृत फोहर मध्ये अर्ग्यानिक फोहरबाट कम्पोष्ट मल, प्लाष्टिकजन्य फोहरबाट हस्तकलाका सामग्री तथा अन्य प्रकृतिका फोहरलाई तीन आर (3R= Reduse, Reuse & Recycle)को अवधारणा अनुसार व्यवस्थापन गर्ने ।

(ङ) फोहरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधन र जनशक्तिको व्यवस्था गर्ने ।

(च) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरावलोकन गर्न निर्देशक समिति समक्ष सिफारिश गर्ने ।

(छ) फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन टोल विकास संस्थाहरु सँग सहकार्य गर्दै विशेष कार्यदल गठन गरि परिचालन गर्ने ।

(ज) फोहर संकलन र व्यवस्थापन सेवा क्षेत्र विस्तार तथा सेवा प्रवाहमा सुधारका लागि आवश्यक कार्य गर्ने ।

(झ) फोहरवाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूंनिरकणका लागि उपायहरुको खोजी गरी आवश्यक श्रोत व्यवस्थापन गर्ने ।

(ञ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वाट प्रदत्त फोहर मैला तथा वातावरणसँग सम्बन्धित अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।

(ट) फोहरमैला व्यवस्थापन सम्वन्धी काम गर्ने जनशक्तिको व्यबस्थापन गर्न वडा तहसँग समन्वय गर्ने ।

५. निर्देशक समितिको वैठक आवश्यकता अनुसार वस्ने छ । बैठक समितिको अध्यक्षको आदेशले सदस्य सचिवले वोलाउने छ ।

६. फोहर मैला व्यवस्थापन समितिको वैठक महिनाको एक पटक बस्नेछ । फोहरमैला व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ । बैठकको निर्णय संयोजकले प्रमाणित गरि वडा समितिमा राख्नुपर्नेछ र नगरपालिकामा वा निर्देशक समिति समक्ष पेश गर्नुपर्ने निर्णय भएमा वडा अध्यक्ष मार्फत नगरपालिकामा पठाउनु पर्नेछ ।

७. माथि (२) वमोजिम गठित समितिको संयोजक पूरुष भएमा वडा समितिले तोक्ने सदस्य महिला हुनु पर्ने वा महिला संयोजक भएमा वडा समितिले तोक्ने सदस्य पूरुष हुनु पर्नेछ ।

## परिच्छेद - ३

## फोहरमैला व्यवस्थापन विधि प्रकृया

CamScanner

४ फोहरमैला कम उत्पादन गर्ने : (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहरमैला यथाशक्य कम गर्नु पर्नेछ ।

(२) आफ्नो क्षेत्र भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुन : प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैला मात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ । स्पष्टीकरण : "आफ्नो क्षेत्र" भन्नाले निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।

(३) फोहरमैलालाई कम्तीमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुटयाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम फोहरमैलालाई स्रोतमै छुट्याइ सङ्कलन केन्द्र वा ढुवानी साधन सम्म पुर्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि पालिका तथा वडा समितिसँग भएको प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन समन्वय गरेमा लाग्ने शुल्क लिई सहयोग गर्न सक्नेछ ।

५. सेवा निलम्बन वा अन्त्य गर्न सक्ने : (१) फोहरमैला व्यवस्थापन समितिको सिफरिसमा उप-महानगरपालिकाले दफा (१०) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी र उप-महानगरपालिका वा सम्बन्धित वडाबाट उपलब्ध हुने अन्य सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा ६ (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहरमैला व्यवस्थापन गर्न फोहरमैला व्यवस्थापन ऐन २०६८ दफा (१५) बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले यस कार्यविधिको दफा (१०) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा वडा कार्यालयको निर्देशनमा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी नगरपालिका वा वडा समितिलाई दिनु पर्नेछ ।

(३) उपदफा ६ (१) वा (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैले गर्नु पर्नेछ ।

(४) सेवाग्राहीले दफा (१०) बमोजिम बुझाउनु पर्ने सेवा शुल्क नबुझाएमा निज वा निजको एकाघरकी परिवारका नाममा रहेको एकिकृत सम्पत्तीकर वा व्यवसायकर खातामा प्रविष्ट गरी सेवा शुल्क असुल गरिनेछ ।

(५) सेवाग्राहीले दफा (१०) बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

(६) कुनै पेशा व्यवसाय नगरी घर भाडामा लिइ वस्ने व्यक्तिले सेवा शुल्क वुझाउन अटेर गरेको हकमा सम्बन्धित घर धनिबाट असूलीको प्रकृया अगाडी बढाइने छ ।

६. फोहरमैलाको निष्काशन : (१) फोहरमैला निष्काशनको समय, स्थान र तरिका फोहरमैला व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(३) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गरी पुनःप्रयोगमा आउने फोहरमैलामा मिसाउन पाइने छैन ।

(४) संरचना एवं घर निर्माण तथा मर्मत सम्भार गर्दा निश्कासित गर्दा निष्कने फोहरको व्यवस्थापन गर्ने दायित्व सम्बन्धित उर्त्सजन कर्ताको हुनेछ तर उत्सर्जन कर्ताले वडाको फोहर संकलन गर्ने नीजि क्षेत्र वा वडालाई अनुसूचि १ मा तोकिए वमोजिमको शुल्क वुझाई सेवा लिन सक्नेछ ।

(५) सडक एवं फुटपाथमा निर्माण सामाग्रि राख्दा अनुसूचि (१) मा तोकिए वमोजिमको शुल्क अग्रिम बुझाई तोकिए बमाजिमको समय सम्म वडा समितिको कार्यालयको अनुमति लिई राख्न सक्नेछ ।

(६) वडा भित्र जथाभावी वर्कसप खोल्ने कार्यलाई निरुत्साहीत गर्दै फोहरमैला व्यवस्थापन समितिसँग अनुमति लिएर मात्र उचित ढंगबाट फोहर व्यवस्थापनको सूनिश्चितता गर्दै वर्क सप संचालन गर्ने व्यवस्था

CS CamScanner

मिलाईनेछ, वडाले तोकेको स्थानमा वर्कसप संचालन गर्दा वर्कसपको फोहर कालो पानी एवं अन्य फोहरलाई नालामा नपठाई छुट्टै सोक्ता वनाई विर्सजन गर्नु पर्नेछ।

७) नयाँ वन्ने घरको भान्सा र वाथरुमको पानी संभव भए सम्म घर कम्पाउड भित्र सोक्ता बनाई व्यवस्थापन गर्न घरधनिलाई प्रेरित गर्ने घर कम्पाउण्ड भित्र व्यवस्थापन गर्न सम्भव नभएको भनि टोल विकास संस्थाले सिफारिस गरेमा पानी छानेर मात्र सतह ढल एवं नालिमा पठाउनु पर्नेछ।

७. पशु पन्छी र घरपालुवा चौपाया पालन तथा व्यवस्थापन सम्वन्धि व्यवस्था :

१) गाई भैसी, खसि वाखा र वोइलर कुखुरा फाराम संचालन गर्दा अनिवार्य रुपमा वडा समितिको अनुमति लिनु पर्नेछ। यस्ता प्रकारका व्यवसाय संचालन गर्नु पूर्व छर छिमेकको सहमति समेत अनिवार्य हुनु पर्ने। अनुमति लिई उल्लेखित पशु चौपाया र पन्छी पालन गर्नेले समेत सोको फोहर निश्कासन र व्यवस्थापन छर छिमेकलाई असर नपर्ने गरि पालिकाले तोके वमोजिमको मापदण्ड वमोजिम गर्नु पर्नेछ। पशु चौपाया र पन्छीलाई सार्वजनिक वाटोमा बाध्न तथा छाड्न पाइने छैन।

२) वडा भित्र फेला परेका लावारीस मृत पशु पन्छीलाई वडाको फोहर ढुवानी साधनले ल्याण्डफिल साइटमा लगि उचित ढंगवाट विर्सजनको व्यवस्था मिलाउनु पर्नेछ। पशु धनि पहिचान भएमा मृत पशु लाई सम्वन्धित धनिले घर परिसरमा नै खाल्डो खनि व्यवस्थापन गर्न वडा कार्यालयले लगाउने छ तर स्वयंले व्यवस्थापन गर्न नसक्ने स्थिति भएमा वडा समितिलाई तोके वमोजिमको सेवा शुल्क बुझाई व्यवस्थापन गर्नु पर्नेछ। साना पशु पन्छिलाई वडा समितिको अनुमतिमा वार्ड भित्रका खाली ठाँउमा खाल्डो खनि व्यवस्थापन गर्न सकिनेछ।

८. शौचालयको दिसा एवं लेदो व्यवस्थापन : १) शौचालय निर्माण कर्ताले जमिनको पानी प्रयोग नगर्ने स्थलमा सेफ्टी टयांकी बनाउन सक्नेछ तर जमिनको पानीको लेवल माथि भएको अथवा जमिनको पानीको प्रयोग हुने क्षेत्रका शौचालयको सेफ्टीक टयांकी होल्डीड. टयांक वा सेफ्टीक टयांक वनाउनु पर्नेछ। शौचालयको पानीलाई सतह ढलमा पठाउन पाइने छैन। यस प्रकारको कार्य गर्नेलाई दफा (११) मा तोकिए वमोजिमको जरिवाना हुनेछ।

२) शौचालयको लेदो फाल्ने व्यक्ति फर्मको सम्पर्क नम्वर प्रत्येक टोल संस्था लाई जानकारी वडा कार्यालयले गराउनेछ र टोल संस्थाले आफ्ना सदस्यहरुलाई जानकारी गराई टयांकी भरिनु पूर्व नै सम्वन्धित सेवा प्रदायकलाई सम्पर्क गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

३) उपमहानगरपालिका र वडा समितिको कार्यालयले नीजि क्षेत्रको सहकार्यमा सक्सन टयांकर प्रवन्ध गरि सेवा प्रवाह गर्न सक्नेछ।

४) सक्सन टयांकर सेवा दिने सबै सेवा प्रदायकहरुले सेवा प्रदानका लागि नगरपालिकामा सूचिकृत हुनुपर्नेछ।

## परिच्छेद - ४

## फोहरमैला व्यवस्थापन सेवा शुल्क

९. सेवा शुल्क उठाउने : (१) वडा कार्यालयले फोहरमैला व्यवस्थापन गरे बापत सम्वन्धित व्यक्ति, संस्था वा निकायवाट सेवा शुल्क लगाई उठाउनेछ।

(२) पहिलो आ.व.२०८०\८१ का लागि उपदफा (१) बमोजिमको शुल्कको दर अनुसूचि (१) मा उल्लेख भए बमोजिम हुनेछ। तत्पश्चात शुल्कको दर निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र नगर सभावाट तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा फोहरमैला व्यवस्थापन समितिको परामर्शमा उपमानगरपालिकाले तोकि वडा कार्यालय वा टोल विकास संस्था वा निजी क्षेत्रबाट उठाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको शुल्क पालिका वा सम्वन्धित वडा आफैले वा टोल विकास संस्था वा अन्य संघ संस्था, फर्म मार्फत समेत उठाउन सक्नेछ। यसरी सेवा शुल्क असूलीमा परिचालन हुने संस्था, फर्मलाई वडा समितिले नगरपालिकाको स्वीकृतीमा तोके वमोजिमको वा ५०% व्यवस्थापन खर्च उपलब्ध गराउन सक्नेछ।

(४) अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा समितिवाट तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छूट दिन सकिनेछ भने वडावासीको आय स्तरका आधारमा अनुसूचि (१) मा उल्लेखित

सरसफाई सेवा शुल्कमा छुट दिनु पर्ने वडा कार्यालयले आवश्यक ठानेमा निर्देशक समितिको सहमतिमा वडा कार्यालयल छुट दिन सक्नेछ ।

## परिच्छेद - ५

## कसूर, सजाय तथा कार्वाही प्रकृया

१०. कसूरः १. कसैले देहायको कुनै काम गरेमा फोहरमैला व्यवस्थापन ऐन २०६८ र यस कार्यविधि बमोजिम कसूर गरेको मानिनेछ

(क) फोहरमैला व्यवस्थापन समितिले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहरमैला सङ्कलन केन्द्रमा राखिएको फोहरमैला अनधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडेफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

(घ) फोहरमैला व्यवस्थापन ऐन, २०६८ ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लङ्घन गर्ने,

(च) फोहरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने तथा घर एवं संरचना निर्माण एवं मर्मत संभार गर्दाको सामाग्री अनुमति वेगर सडक एवं फुटपाथमा राखेमा ।

(ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट), वा शौचालयको लेदोलाई सतह ढल वा अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने, अनुमति वेगर वर्कसप संचालन गर्ने तथा वर्कसपको फोहरपानी जथाभावि नालामा मिसाउने ।

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला सङ्कलन गर्न नगरपालिका वा वडाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाई राखेको सवारी साधन हटाउन इन्कार गर्ने,

(ञ) उप-महानगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, जलाउने,राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला सङ्कलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) फोहरमैला व्यवस्थापन ऐन २०६८ दफा (४४) विपरीत रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको, समयावधि सकिएको औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोत मै फोहरमैलाको पृथकीकरण नगरी दफा (६) को विपरीत फोहरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

विनोद प्रसाद साह

CamScanner

ध) पैदल तथा सार्वजनिक यातायातका यात्रुले जथाभावी फोहर फाल्ने ।

न) चुरोट तथा सुर्तिजन्य (पान गुटका आदि) जस्ता बस्तुको फोहर जथाभावी फाल्ने ।

प) घर पालुवा पशु पन्छिलाई छाडा छाड्ने तथा अनुमति वेगर व्यवसायिक रुपमा पशु पन्छि पालन गर्ने तथा सडकमा बांध्ने बाध्ने कार्य गर्ने ।

११. सजाय : (१) दफा १० को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई उप-महानगरपालिकाबाट खटाइएको अनुगमन टोलि वा वडा कार्यालयले पहिलो पटक भए पाँच सय रुपैयाँसम्म जरिवाना, सोही कसूर पटक पटक दोहोराएमा पटकै पिच्छे दोव्वर वा पाँच हजार सम्म जरिवाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजवाट असूल उपर गर्न सक्नेछ ।

(२) दफा १० को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई उप-महानगरपालिकाले दुई हजार पाँच सय रुपैयां देखि पच्चिस हजार रुपैयाँसम्म जरिवाना गरीं कण्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

(३) दफा १० को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई उप-महानगरपालिका वा सम्वन्धित वडा कार्यालयले पाँच हजार रुपैयाँदेखि पच्चिस हजार रुपैयाँसम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ भने शर्त उल्ङ्घन गरी वडा कार्यालयलाई पूर्व जानकारी नदिई फोहर समयमा संङ्कलन समयमा नगरेको फोहर मैला व्यवस्थापन समितिले ठहर गरेमा उल्लेखित जरिवानाका अलावा अतिरिक्त फोहर व्यवस्थापन खर्च समेत सम्वन्धित पक्षवाट असूल गरिने छ ।

(४) दफा १० को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई उप-महानगरपालिका वा सम्वन्धित वडाले दुइ हजार पाँच सय रुपैयाँ देखि दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेकेको भए त्यस्तो क्षति वापतको रकम समेत कसूरदारवाट असूल उपर गर्न सक्नेछ ।

(५) दफा १० को खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई उप-महानगरपालिका वा सम्वन्धित वडाले प्रथम पटक एक हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ सोही कसुर दोहोराएमा दोव्वर जरिवाना गरिनेछ ।

(६) दफा १० को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई उप-महानगरपालिकाले पाँच हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(७) दफा १० को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई उप-महानगरपालिकाले दुइ हजार पाँचसय रुपैयाँ देखि पच्चिस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोव्वर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्वन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(८) दफा १० को खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई उप-महानगरपालिकाले पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(९) दफा १० को खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई नगरप्रमुखले पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना वा फोहरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सम्वन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

(१०) दफा १० को खण्ड (थ), (ध) र (न)बमोजिमको कसूर गर्नेलाई उप-महानगरपालिका वा सम्वन्धित वडाले प्रत्येक पटक एक सय रुपैयाँ र जरिवाना गर्न सक्नेछ सोही कसूर पुनः गरेमा प्रत्येक पटक एक सय वृद्धि गरी जरिवाना गर्न सक्नेछ ।

(११) माथि जे सुकै लेखिएको भएता पनि दफा (१०) मा उल्लेखित कसुरहरु गर्नेलाई रु ५०००। सम्मको जरिवाना वडा समितिको कार्यालयले असूल गर्नेछ भने सो भन्दा माथिको जरिवानाका हकमा वडा समितिले

बिनोद प्रसाद साह
नगर प्रमुख

जरिवाना प्रस्ताव गरि नगरपालिकामा सिफारिस गर्नेछ नगरपालिकाले जाँचबुझ गरी नगर प्रमुख समक्ष पेश गर्नेछ र नगर प्रमुखको निर्णय बमोजिम जरिवाना गरिने छ।

(३) दफा १० को खण्ड (प) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्वन्धित वडाले छाडा छाडीएका पशु पन्छि प्रति ज्यान रु ५०० सम्म र फर्मको हकमा प्रथम पटकका लागि रु २५०० सम्म जरिवाना गरि ३५ दिन भित्र हटाउने आदेश दिनेछ र सो म्याद भित्र न हटाएमा ३ महिना सम्म मासिक ५००० का दरले जरिवाना तत्पश्चात पनि न हटाएमा नगरपालिकाले फर्ममा बन्द गराई पशुपन्छि जफत गर्ने छ। सडकमा बाँधिएका पशु चौपायाको हकमा प्रथम पटकका लागि प्रति ज्यान रु १००। दोश्रो पटक उक्त कार्य गरेमा ५००। तत्पश्चात समेत अटेर गरेमा पटकै पिच्छे दोब्वर जरिवाना वडा कार्यालय वा नगरपालिकावाट खटाइएको निरिक्षण टोलीले गर्ने छ।

१२. सेवा सुविधा तथा ऋण कारोवार रोक्का गर्न सकिने : (१) यस कार्यविधि बमोजिम तोकिएको सेवा शुल्क र दण्ड जरिवाना नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको नगरपालिका तथा वडाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री वा कुनै बैंकबाट भैरहेको ऋण कारोवार रोक्का गर्नको लागि फोहर मैला व्यवस्थापन समितिले नगरपालिकामा सिफारिश गरेमा नगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ। तर यसरी लेखी पठाउनु अघि सम्वन्धित व्यक्तिलाई सो सम्वन्धमा लिखित रुपमा जानकारी दिईनेछ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्वन्धित निकायको कर्तव्य हुनेछ।

(३) सेवा शुल्क वा जरिवाना बुझाएको खण्डमा मात्र सो व्यक्तिको रोक्का भएको काम गर्न वडा र नगरपालिकाले सिफारिस गर्नेछ।

## परिच्छेद - ६

## स्वास्थ्य संस्थाजन्य तथा हानीकारक फोहर व्यवस्थापन

१३. स्वास्थ्य संस्थाजन्य फोहरमैलाको व्यवस्थापन : (१) स्वास्थ्य संस्था स्थापना गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले त्यस्तो स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनको लागि अनुमति दिनु पूर्व फोहरमैला व्यवस्थापन सम्वन्धी उपयुक्त व्यवस्था गरे वा नगरेको यकिन गरी उपयुक्त व्यवस्था गरेको भएमा मात्र अनुमति दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति दिंदा स्वास्थ्य संस्थाले फोहरमैला व्यवस्थापन सम्वन्धमा पालन गर्नु पर्ने विशेष शर्त वा कायम गर्नु पर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ।

१४. रासायनिक विषादी सम्वन्धी व्यवस्था : (१) रासायनिक विषादीको आयातं गर्दा तोकिए बमोजिमको मापदण्डको अधीनमा रही गर्नु पर्नेछ।

(२) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रही नष्ट गर्ने जिम्मेवारी सम्वन्धित व्यक्ति वा संस्थाको हुनेछ।

## परिच्छेद - ७

## प्रोत्साहन तथा सेवा व्यवस्थापन

१५. पुरस्कार दिन सकिने : (१) फोहरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्था वा फर्मलाई उप महानगरपालिकाले सरसफाई व्यवस्थापन विशेष अनुदान वा सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ।

बिनोद प्रसाद
नगर प्रमुख

CamScanner

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी जथाभावी फोहरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई उप-महानगरपालिका वा सम्बन्धित वडाले सम्मान एवं नगद पुरस्कार समेत दिन सक्नेछ ।

३) वडा समिति,टोल विकास संस्था र सरोकारवालाको संलग्नतामा निर्मित अनुसूचि (३) बमोजिमको सफा र स्वच्छ वडा निर्माणका लागि कार्य सूचिको कार्यान्वयन गर्ने गराउने सबै सरोकारवालाको कर्तव्य हुनेछ ।

१६. सरसफाई राजदुत तोक्ने : (१) निर्देशक समितिले सरसफाई गतिविधि अनुगमन गर्न, सेवा शुल्क असूली गर्न, स्थलगत निरिक्षणका आधारमा तोकिए बमोजिमको दण्ड सजाय गर्नको लागि एक जना सरसफाई राजदुत तोक्ने छ ।

२) निर्देशक समितिले राजदुतसंग समन्वय गरी १८ देखि बढीमा ३० जना सम्म सरसफाई दुत तोक्न सक्नेछ।

३) सरसफाई राजदुत र सरसफाई दुतको लागि ईन्धन र सञ्चारको लागि उपमहानगरपालिकाले मासिक रु. २०००।–( दुई हजार) उपलब्ध गराउनेछ।

१७. सरसफाई व्यवस्थापन टोल विकास संस्थाबाट गराउन सकिने :

१.उपमहानगरपालिकाको सरसफाई कार्य गर्नको लागी प्रत्येक वडामा वडा समितिको रोहवरमा टोल विकास संस्था\समितिको गठन गर्न सक्नेछ वा पुरानो टोल विकास संस्था\समितिलाई सक्रिय बनाउन सक्नेछ।

२. उपदफा १ बमोजिम गठन वा सक्रिय भएको टोल विकास संस्था\समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

क. फोहोरमैला व्यवस्थापन गर्ने,

ख. वडा र टोल भित्रको फोहोरमैलालाई सरसफाई गरी फोहोर निसकासन गर्ने गराउने,

ग. फोहोरमैलाको वर्गीकरण गर्ने,

घ. फोहोरमैला गर्नेहरु संग जरिवाना असूल उपर गर्ने,

ङ. फोहोरमैला सरसफाई शुल्क उठाउने,

च. दफा ३ बमोजिम गठन भएको समितिले तोके बमोजिमको काम गर्ने।

३. फोहोरमैला व्यवस्थापन गर्दा व्यस्थापन वापत उठेको सरसफाई शुल्क र जरिवाना मध्येबाट ७० प्रतिशत टोल विकास संस्थाले पाउने र बाकि ३० प्रतिशत उपमहानगरपालिकालाई उपलब्ध गराउने जिम्मा टोल विकास संस्थालाई नै हुनेछ।

४. टोल विकास संस्थाले फोहोरमैला व्यवस्थापन गर्दा व्यवस्थापन वापतको शुल्क अनुसूचि १ मा लेखिएको बमोजिम उठाउनु पर्नेछ।

१८. विविधः (१) उपमहानगरपालिकाले तोकेको वडा वा टोलहरुमा घरधनीहरु स्वयमले नै आफ्नो घरको अगाडी सफा गर्नु पर्ने छ र पानी छर्कनु पर्नेछ।

(२) ल्याण्ड फिल्डको जिम्मा दफा ३ बमोजिम गठन भएको समितिले चाहेमा निजी क्षेत्रलाई दिन सक्नेछ।

१९. खारेजी तथा बचाउ : १. कलैया उप-महानगरपालिका कार्यपालिकावाट स्वीकृत गरि विभिन्न वडाको फोहर व्यवस्थापनका लागि प्रयोगमा आएका कार्यविधिहरु यस कार्यविधि लागु भए पछि स्वतः खारेजी भएको मानिने छ तर पूर्व स्वीकृत भएका कार्यविधिहरुवाट भएका काम कार्वाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

CamScanner

अनुसूचि १

(दफा ७(४) (५) र १० (२) (४) सँग सम्बन्धित)

[illegible] व्यवसायिक फर्मले बुझाउनु पर्ने सरसफाई सेवा शुल्क प्रति महिना।

| क.सं. | सेवा लिनेको किसिम | न्यूनतम सेवा शुल्क | अधिकतम सेवा शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | प्रति घरधुरी | ३० | ५० | |
| २ | पसल | ५० | - | |
| ३ | होटल | ५० | - | |
| ४ | ठूला होटल \ रेष्टुरेन्ट | २०० | ५०० सम्म। | |
| ५ | मेडिकल व्यवसायी | ५० | १०० सम्म। | |
| ६ | ठूला चिकित्सालय(Hospital) | ५०० | २००० सम्म। | |
| ७ | | | | |

हस्ताक्षर:.........................

नाम, थर: विनोद प्रसाद साह

पद: नगर प्रमुख

प्रमाणिकरण मिति: २०८०/०४/०५

पृष्ठ संख्या: ११

विनोद प्रसाद साह
नगर प्रमुख